# सुनछहरी गाउँपालिका

## आ.व २०७६/०७७ को

## बजेट वक्तव्य

**सुनछहरी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ रोल्पा
५ नं प्रदेश, नेपाल

मिति: २०७६/०३/१०

सुनछहरी गाउँपालिकाको छैठौ गाउँसभा

## गाउँपालिका को आर्थिक विकास समितिका संयोजक श्री टिका बहादुर बुढा ज्यू ले पेश गर्नु भएको आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यः

यस गाउँसभाका सभाध्यक्ष महोदय,

यस गाउँपालिका का उपाध्यक्ष ज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

वडाध्यक्ष ज्यूहरु,

कार्यपालिका सदस्य ज्यूहरु,

वडा समितिका सदस्य ज्यूहरु,

कार्यक्रम अधिकृत ज्युहरु,

विषय गत शाखा प्रमुख ज्यू, तथा अन्य कर्मचारी हरु,

सुरक्षा कर्मी तथा पत्रकार ज्यूहरु साथै अन्य उपस्थित महानुभावहरु,

विकासको पहिलो शर्त भनेको आधारभूत पुर्वाधार विकास नै हो । भौगोलिक कठिनाई र प्रयाप्त श्रोत साधनको अभावले हाम्रा आधारभूत आवश्यकता समेत पूरा हुन सकेका छैनन । यातायात, खानेपानी, शिक्षा, स्वास्थ्य, सिंचाई, कृषि क्षेत्रको अग्रगामी छलाङ विना हामीले हाम्रा आवश्यकता पूरा गर्न सक्दैनौ । यर्सथ हाम्रो प्राथमिकता भनेको आधारभूत विकास नै हो ।

सभाअध्यक्ष महोदय,

म अब यस सुनछहरि गाउँपालिका को आ.ब २०७६/०७७ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

### हाम्रा बजेटका प्राथमिकताका क्षेत्रहरु:

क) आर्थिक विकास

ख) सामाजिक विकास

ग) पुर्वाधार विकास

घ) वन वातावरण तथा विपद व्यवस्थापन

ङ) सुशासन तथा संस्थागत विकास ।

हाम्रा वजेटका उद्देश्यहरु:

१. आधारभूत भौतिक पुर्वाधार विकासका माध्यमबाट आर्थिक, सामाजिक क्षेत्रको अभिवृद्धि गरी गरिवी न्युनिकरणमा टेवा पुर्याउने,

२. वैज्ञानिक कृषि प्रणाली अवलम्बन गरी कृषिको आधुनिकिकरण, विविधिकरण तथा व्यवसायीकरणमा जोड दिने,

३. लामो तथा छोटो अवधिका व्यवसायीक तथा सीपमुलक तालिमका माध्यमबाट सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारीको सिर्जना गर्ने,

४. आधारभूत मानवअधिकारको संरक्षण र सम्र्वर्धन गर्दै शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी लगायतमा सम्पूर्ण जनताको पहुँच सुनिश्चित गर्ने,

५. सामाजिक, आर्थिक, लैंङ्गीक, धार्मिक, साँस्कृतिक असमानताको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने,

६. सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, ज्वाफदेहिता, भ्रष्टाचार नियन्त्रण लगायतको कार्यहरु मार्फ सुशासन प्रबर्धन गर्ने,

७. राजश्व परिचालन, करको दायरा वृद्धि तथा राजश्व चुहावट नियन्त्रण गरी आन्तरिक आयमा वृद्धि गर्ने ।

**अव म आर्थिक वर्ष ०७६ / ०७७ आय र व्यय प्रस्तुत गर्न चाहन्छु ।**

आय तर्फ

आर्थिक वर्ष ०७६/०७७ को लागि यस सुनछहरी गाउपालिकाको लागि सर्शत अनुदान अन्तर्गत संघिय सरकारवाट ९,५७,००००० । ( नौ करोड सन्ताउन्न लाख रूपैया ) वित्तीय समानिकरण अनुदान संघिय सरकार वाट ७०७००००० ( सात करोड सात लाख रूपैया ) सर्शत अनुदान अन्तर्गत प्रदेश सरकारवाट ९०,०००००। ( नव्वे लाख रूपैया ) वित्तीय समानिकरण अनुदान प्रदेश सरकारवाट ४१,४२०००। ( एकचालिस लाख वयालिस हजार रूपैया ) प्राप्त भएको छ ।

त्यसै गरी राजश्व वाडफाड अनुदान अन्तर्गत संघिय सरकारवाट ७०६०००००। ( सात करोड छ लाख रूपैया ) राजश्व वाडफाड अनुदान अन्तर्गत प्रदेश सरकारवाट ३३३१०००। ( तेत्तिस लाख एकतिस हजार रूपैया ) प्राप्त भएको छ ।

त्यसैगरी विशेष अनुदानको रूपमा प्रदेश सरकारवाट ५२००००० । ( वाउन्न लाख रूपैया ) वजेट प्राप्त भएको छ भने वहु क्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत १३६१०००। ( तेह्र लाख एकसठि हजार रूपैया ) प्राप्त भएको छ ।

त्यसै गरी चालु आ.व. मा रहन सक्ने अल्या रकम १०००००००( एक करोड रूपैया ) र यस सुनछहरी गाउपालिकाको आन्तरीक स्रोतको रूपमा १०००००० ( दश लाख रूपैया ) अनुमान गरी यस वर्षको सुनछहरी गाउपालिकाको जम्मा कुल वजेट २७,१०,३४,०००। ( सताइस करोड दश लाख चौतिस हजार रूपैया ) बजेट प्रस्तुत गरिएको छ ।

## व्यय तर्फ

आर्थिक विकास तर्फ ११८४५००० ( एक करोड अठार लाख पैतालिस हजार ) विनियोजन भएको छ जस अन्तर्गत कृषि तर्फ ५५ लाख ५५ हजार, पर्यटन तर्फ १० लाख ७० हजार ,उद्योग तर्फ ११ लाख ५० हजार , पशु पक्षि बिकाश तर्फ ३५ लाख ७० हजार तथा अन्य तालिम तर्फ ५ लाख रुपैया बिनियोजन गरिएको छ।

त्यसै गरी सामाजिक बिकास अन्तर्गत १३९७५००० ( एक करोड उनचालिस लाख पच्चतहर हजार रूपैया ) विनियोजन भएको छ जस अन्तर्गत शिक्षा क्षेत्र तर्फ २४ लाख ,स्वास्थ्य तर्फ ३५ लाख २० हजार , खानेपानी तर्फ २९ लाख ,संस्कृति संरक्षण तर्फ १४ लाख ३० हजार, समाबेशी तर्फ २५ लाख ४५ हजार , जेष्ठ नागरिक तर्फ ३ लाख ८० हजार र खेलकुद तर्फ ८ लाख बिनियोजन गरिएको छ।

त्यसैगरी पूर्वाधार विकास तर्फ ३६८८९८०० ( तिन करोड अठसठी लाख उननव्वे हजार आठ सय ) विनियोजन भएको छ जस अन्तर्गत सडक तथा झोलुंगे पुल तर्फ १ करोड ४३ लाख २९ हजार ८ सय , सिचाई तर्फ ९ लाख ५० हजार ,भवन तर्फ २ करोड १३ लाख १० हजार , लघु जलबिधुत तर्फ ३ लाख बिनियोजन गरिएको छ।

त्यसै गरी वन वातावरण तथा विपद व्यवस्थापन तर्फ ६४०००००( चौसठी लाख ) विनियोजन भएको छ जस अन्तर्गत बन बाताबरण तथा बिपद ब्यबस्थापन तर्फको बन तथा भू संरक्षण मा १७ लाख , जलाधार संरक्षण मा २ लाख ५० हजार , फोहोर मैला ब्यबस्थापनमा ११ लाख ५० हजार र जलउत्त्पन्न प्रकोप नियन्त्रणमा १ लाख बिनियोजन गरिएको छ।

त्यसै गरी सुशासन तथा संस्थागत विकास तर्फको मानब संसाधन विकास अन्तर्गत ४१ लाख ५० हजार जस अन्तर्गत सस्थागत विकास तर्फ ४१ लाख ५० हजार बिनियोजन गरिएको छ ।

त्यस्तै गरी गाउपालिकाको चालु खर्च तर्फ ६८८७०००० । ( छ करोड अठासि लाख सतरी हजार ) विनियोजन गरिएको छ भने वडा कार्यलयको चालु खर्च तर्फ ५८४३२०० ( अठाउन्न लाख त्रिचालिस हजार दुइ सय रूपैया ) विनियोजन गरिएको छ ।

यसरी कुल वजेट अन्तर्गत सर्शत अनुदान वाहेकको वजेटमा पुजिगत खर्च तर्फ ९५२५९८०० ( नौ करोड वयानव्वे लाख उनसाठि हजार आठ सय ) अर्थात ५४.७५ प्रतिशत र चालु खर्च तर्फ ७४७१३२०० ( सात करोड सतचालिस लाख तेह्र हजार दुइ सय रूपैया) अर्थात ४५.२५ प्रतिशत वजेट विनियोजन गरिएको छ ।

**प्रदेश सरकार संग माग गर्ने योजनाहरू ।**

१ जेलवाङ हुदै मावाङ पोबाङ मो.वा. योजना

२ सुनछहरी ७ शुलकवाङ गाउघर किल्निक भवन निर्माण

३ सुनछहरी ७ जेलवाङमा खेल मैदान निर्माण योजना

४ गराही भुर्तिवाङ खा.पा. योजना

५ घोडा कणडे खा.पा. योजना

६ चर्लाउने खोलामा मो.वा योजना

७ स्यारवास शुलकवाङ खोलामा झोलुङे निर्माण योजना

८ गल्फु खोलामा झो.पु निर्माण योजना

९ कोर्वाङ घर्ति खोरे डाँडा खर्के सम्म ४० घरलाइ खा.पा. योजना

१० माझिवाङ भुर्ति खा.पा. योजना

११ झाक्रि खोला सिचाइ योजना

१२ चम्चा गुठलवाङ सिचाइ योजना

१३ खिवाङ जुगेपानी देखी तल्लो वारी २ कि.मि. सिचाइ योजना

१४ जेलवाङ देखी वागतारे सम्म मो.वा. नया टरायक निर्माण योजना

१५ दम्फु वाल शिक्षा भवनमा खा.पा. योजना

१६ सुनछहरी ७ जेलवाङ भुमेथालामा ४ कोठे सार्वजनिक शोचालय निर्माण

१७ वडा कार्यलय भवन निर्माण फगाम

१८ फगाम खा.पा. योजना

१९ हाम्प्रा खोला पहिरो नियन्त्रण

२० आम्वाङ सिचाइ योजना फगाम

२१ प्रा.वि. रिपुकोट भवन निर्माण फगाम

२२ धर्मशाला मो.वा. निर्माण फगाम

२३ गाउपालिका जोडने मो.वा. निर्माण

२४ फगाम जेलवाङ जोडने मो.वा. निर्माण

२५ पुवा खोरे धारा थोक सिचाइ योजना फगाम

२६ वडा कार्यलय भवन निर्माण जैमाकसला

२७ मेहलधारा खा.पा. योजना जैमाकसला

२८ जुवाङ कसला जैमा मो.वा. जैमाकसला

२९ पखालेखोला गवरा खा.पा मर्मत जैमाकसला

३० सेलताने देखी विसनधारासम्मको गोरेटो वाटो निर्माण जैमाकसला

३१ मझेरी खोला पहिरो नियन्त्रण जैमाकसला

३२ मौसमी तथा वेमोसमी तरकारी खेती कार्यक्रम जैमाकसला

३३ टिमुर खेती कार्यक्रम जैमाकसला

३४ मसला वाली खेती कार्यक्रम जैमाकसला

३५ व्यवसायिक कुखुरापालन कार्यक्रम

३६ सिद मा.वि. घेरवार योजना स्युरी

३७ नागरीक सचेतना भवन निर्माण स्युरी

३८ शिवाजी मन्दिर निर्माण स्युरी

३९ गोठवाङ लोसे वावाङ उवावाङ सानो सिचाइ योजना स्युरी

४० पिङलाखोला साकिना सानो सिचाइ योजना स्युरी

४१ सिकुङ वल्डेहाङ नारावाङ खा.पा. निर्माण योजना स्यरी

४२ स्युरी पोवाङ जोडने किम्लेघाट मो.वा. पुल निर्माण स्युरी

४३ सुनारडेरा तटवन्ध स्युरी

४४ वडा कार्यलय भवन निर्माण योजना स्युरी

४५ स्वास्थ्य भवन निर्माण योजना स्युरी

४६ दुइखोली म.विस. भवन घेरवार योजना वाहिरी गाम

४७ दह खोला मालिगुङ वर्गो वाल ज्योति खा.पा योजना वाहिरी गाम

४८ जनता मा.वि. गाम कम्पाउड निर्माण योजना वाहिरी गाम

४९ स्याङ खोला वरीपरी मो.वा. निर्माण वाहिरी गाम

५० गाउघर किल्निक भवन निर्माण योजना वाहिरी गाम

५१ मैला वन ढुङवासा जोडने गो.वा वाहिरी गाम

५२ चोपारी प्रा.वि. तारवार छाना मर्मत योजना वाहिरी गाम

५३ जनता मा.व. गाम देखी गोङवाङ सम्म मो.वा मर्मत वाहिरी गाम

५४ किपाजा कछार खोला खा.पा मर्मत वाहिरी गाम

मिति २०७६ असार १० गते

धन्यबाद ।